रसूल (सल्लल्लाहु अलैहि वसल्लम) प्रायः निम्न दुआ गर्नुहुन्थ्यो : ‘या मुकल्लिबल-कुलूब, सब्बित कल्बी अला दीनिक’ अर्थ : "हे हृदयहरू परिवर्तन गर्ने! मेरो हृदयलाई तपाईंको धर्ममा अडिग बनाउनुहोस् ।

अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनी भन्छन्: रसूल (सल्लल्लाहु अलैहि वसल्लम) प्रायः निम्न दुआ गर्नुहुन्थ्यो : ‘या मुकल्लिबल-कुलूब, सब्बित कल्बी अला दीनिक’ अर्थ : "हे हृदयहरू परिवर्तन गर्ने! मेरो हृदयलाई तपाईंको धर्ममा अडिग बनाउनुहोस् ।" मैले भने: हे अल्लाहका रसूल! हामीले तपाईं र तपाईंले ल्याउनुभएको
धर्ममा विश्वास गरेका छौं । तैपनि तपाईं हाम्रो मामिलामा डराउनुहुन्छ? उहाँले भन्नुभयो: "हो, निस्सन्देह हृदयहरू अल्लाहका दुई औंलाहरू बीचमा छन् । उहाँले तिनीहरूलाई जसरी चाहनुहुन्छ फेर्नुहुन्छ ।" [सही] [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) प्रायः दीन (धर्म) र आज्ञाकारितामा अडिग रहन तथा पथभ्रष्ट र छलबाट टाढा राख्न दुआ (प्रार्थना) गर्नुहुन्थ्यो । अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यो दुआ बारम्बार पढेको हेर्दा छक्क परे । त्यसैले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई भन्नुभयो, मानिसहरूको हृदय अल्लाहका दुई औंलाहरू बीचमा हुन्छ । उहाँले तिनीहरूलाई जसरी चाहनुहुन्छ फेर्नुहुन्छ । वास्तवमा, हृदय ईमान र कुफ्र (विश्वास र अविश्वास) दुवैको स्थान हो । यसको अत्यधिक परिवर्तनले गर्दा यसलाई हृदय भनिन्छ; उम्लिरहेको भाँडो भन्दा बढी पल्टिने खतरा यसमा हुन्छ । अल्लाहले जसलाई चाहनुहुन्छ, उसको हृदयलाई मार्गदर्शन र धर्ममा अडिग राख्नुहुन्छ र जसलाई चाहनुहुन्छ उसको हृदयलाई पथभ्रष्ट र भ्रामकतामा फर्काउनु हुन्छ ।

https://sunnah.global/hadeeth/ne/show/3142